ICOM international council of museums Nepal (नेपाल)

Ncell Foundation

# सङ्ग्रहालय

## सबैका लागि, सधैका लागि



फोटो : नारायणहिटी दरबार सङ्ग्रहालय

(मानव सभ्यता, संस्कृति र सम्पदाको साझा सिकाइको थलो)



ललितपुर जिल्लामा रहेको पाटन सङ्ग्रहालय अवस्थित मध्यकालीन पाटन दरबार स्क्वायर परिसर

## परिचय

सामान्यतया इतिहास बनेका वा अन्य वस्तुहरु सङ्ग्रह गर्ने स्थानलाई सङ्ग्रहालय भन्ने गरिन्छ । तर सङ्ग्रहालयको परिचय यतिमा मात्र सिमित छैन । सङ्ग्रहालय प्राकृतिक तथा मानवनिर्मित सम्पदा, संस्कृति, इतिहास, आविष्कार र पहिचान आदिको सङ्गम थलो हो । सङ्ग्रहालयमा रहने यी भौतिक र अभौतिक सम्पदा मानव समाजका साझा वैभव भएका कारण सङ्ग्रहालयलाई एक सार्वजनिक स्थलको रूपमा लिइन्छ । सङ्ग्रहालय अत्यन्त जिम्मेवार तथा गतिशील स्थायी संस्था हो, जहाँ राखिएका वस्तुको आधिकारिकता, बैधता र सुरक्षाको सुनिश्चितता गरिएको हुन्छ । सङ्ग्रहालयले प्राकृतिक तथा मानव निर्मित वस्तुहरु सङ्कलन, संरक्षण, अनुसन्धान गरी तिनीहरूको प्रदर्शनी मार्फत आम मानिसहरूलाई शिक्षा, मनोरञ्जन दिने कामको विश्वासीलो सञ्चारण गरेको हुन्छ । देशका अन्य महत्वपूर्ण संस्थाहरु जस्तै समाजप्रति यसको गहन जिम्मेवारी रहन्छ ।



काठमाडौंको छाउनीस्थित राष्ट्रिय मुद्रा सङ्ग्रहालयमा राखिएका पुराना मुद्राहरु ।

## परिभाषा

सङ्ग्रहालयको बारेमा विभिन्न परिभाषाहरु छन् । त्यसमध्ये अन्तर्राष्ट्रिय सङ्ग्रहालय परिषद् (आइकम)को परिभाषालाई विश्वभरी सर्वमान्य मानिन्छ । आइकमको परिभाषा अनुसार ‘सङ्ग्रहालय समाजको सेवामा समर्पित एउटा गैर नाफामूलक, स्थायी प्रकृतिको संस्था हो, जसले भौतिक तथा अभौतिक सम्पदाको अध्ययन-अनुसन्धान, संकलन, संरक्षण, विवेचना र प्रदर्शन गर्दछ । सार्वजनिक रुपमा खुला, पहुँचयोग्य एवं समावेशी हुनुका साथै सङ्ग्रहालयले विविधता र दीगोपनालाई बढावा दिने गर्दछ । सङ्ग्रहालयले शिक्षा, मनोरञ्जन, अनुभूति तथा ज्ञान सम्बन्धी विविध अनुभवहरु बाँड्दै नैतिक एवं पेशागत आचरणमा रही समुदायको सहभागिता सहित संचालन र संचारण गर्दछ ।’ यो परिभाषाले सङ्ग्रहालयको व्यापकतालाई स्पष्ट पार्दछ ।

युनेस्कोको सन् २०२० को एक अध्ययन प्रतिवेदन अनुसार हाल विश्वभर एक लाख चार हजार भन्दा बढि सङ्ग्रहालय छन् । मानव अधिकारको विश्वव्यापी घोषणापत्रको धारा २७ ले समुदायले आफ्नो संस्कृतिका हरेक पक्षमा सहभागिता जनाउँन सक्ने, रमाउँन पाउँने र यसबाट लाभ लिन पाउँने कुरालाई मानव अधिकारको रुपमा उल्लेख गरेको छ । यो मानव अधिकार उपयोगका लागि सङ्ग्रहालय एक महत्वपूर्ण थलो हो । त्यसैले गर्दा पनि विश्वभरी अहिले सङ्ग्रहालयको व्यापक विकास र विस्तार भएको छ ।




*काठमाडौं सिनामंगलस्थित एभियसन म्युजियम ।*

## सङ्ग्रहालयको महत्व

सङ्ग्रहालय इतिहासको भण्डार हो, जहां ऐतिहासिक रहस्य, ज्ञात तथा अज्ञात ऐतिहासिक घटनाहरूलाई समेत प्रमाणित गर्ने तथ्य तथा सामाग्रीहरु उपलब्ध हुन सक्छ । मानिसलाई अचम्मित पार्ने खालका कला, कौशल तथा पुर्खाहरुका जीवनशैलीलाई नियाल्न पनि सङ्ग्रहालय उत्कृष्ट थलो हो । आधुनिक सङ्ग्रहालय समष्टिगत ज्ञानको थलो भएकाले सङ्ग्रहालय र शिक्षाको अति नजिकको सम्बन्ध रहेको हुन्छ । मानव समुदायका लागि अध्ययन-अनुसन्धान, इतिहास, शिक्षा तथा मनोरञ्जन प्राप्त गर्ने भरपर्दो स्थानका रुपमा सङ्ग्रहालयलाई लिइन्छ । सङ्ग्रहालय बालबालिका, यूवा, बृद्धबृद्धा जुनसुकै उमेर समूहका मानिस तथा पेशाकर्मीहरुका लागि शङ्कारहित सिकाइ थलो हो । त्यसैले यसलाई ज्ञान आर्जन तथा सिकाइका हिसाबले साझा विश्व विद्यालयका रुपमा पनि लिन सकिन्छ ।

सङ्ग्रहालयले कुनै निश्चित भूगोल, संस्कार तथा संस्कृतिको झल्को दिने काम गर्छ । त्यसैले आफ्नो पहिचानलाई जीवित राख्नका लागि प्रतिनिधिमूलक सामग्रीहरुको सङ्कलन गर्ने काम सङ्ग्रहालयले गर्छ । सङ्ग्रहालय हाम्रो सांस्कृतिक र प्राकृतिक सम्पदाको महत्वको बारेमा जनचेतना जगाउँनका लागि पनि महत्वपूर्ण माध्यमको रुपमा भूमिका निर्वाह गर्दछ ।

यसले विशेषगरी साँस्कृतिक, रचनात्मक उद्योगहरु र पर्यटन मार्फत कुनै पनि समाजको आर्थिक विकासमा समेत योगदान गर्दछ ।

सङ्ग्रहालयले सांस्कृतिक र प्राकृतिक सम्पदाको संरक्षण गर्ने, औपचारिक र अनौपचारिक शिक्षाका लागि धेरै मानिसहरूलाई जोड्न सक्ने, साँस्कृतिक सहभागितालाई प्रवर्द्धन गर्न सक्ने, र स्थानीय अर्थतन्त्रलाई समेत योगदान दिन सक्ने भएकाले यसको महत्व व्यापक छ । यसप्रति मानिसको उच्च विश्वास समेत हुने भएकाले समाजको अध्ययन गर्न समेत सङ्ग्रहालय उपयुक्त थलो हो । त्यसैले यसको सार्वजनिक महत्व झन् बढेर गएको छ ।




*कर्णाली प्रदेशको राजधानी सुर्खेतमा रहेको प्रदेश सङ्ग्रहालय तथा अभिलेखालय ।*

## नेपालमा सङ्ग्रहालय

नेपालका पहिलो प्रधानमन्त्री भिमसेन थापाले आफ्नो छाउनीस्थित घरलाई वि.सं १८८१ मा पुराना हात हतियार सङ्ग्रह गरेर राख्ने शिलखाना बनाए, जहाँ विभिन्न युद्धमा जफत भइ आएका हतियारहरू तथा देशमा रहेका सैनिक प्रयोजन बाहेकका हतियारहरूको व्यवस्थापन गरिन्थ्यो । राणा प्रधानमन्त्री चन्द्र शमशेरले त्यसको १०२ वर्षपछि वि.स.१९८३ मा उक्त शिलखानालाई ‘शिलखाना सङ्ग्रहालय’को नाम दिए । वि.सं १९९५ पुष ७ गते यसको नाम परिवर्तन गरी नेपाल सङ्ग्रहालयको नाम दिँदै सोही वर्षको फागुन १ गतेबाट सर्वसाधारणका लागि खुला गरियो । यही दिनलाई नै सङ्ग्रहालय स्थापनाको दिन मानी अहिले पनि राष्ट्रिय सङ्ग्रहालयले आफ्नो स्थापना दिवस मनाउने गरेको छ । वि.सं १९९९ मा जुद्ध शमशेरले जुद्ध जातिय कलाशाला निर्माण गरी थप सामाग्रीहरु राखे । वि.स.२०२४ सालमा नेपाल सङ्ग्रहालय र जुद्ध जातीय कलाशालालाई एकीकृत गरी राष्ट्रिय सङ्ग्रहालय नामाकरण गरियो ।



*काठमाडौं छाउनिस्थित राष्ट्रिय सङ्ग्रहालय ।*

वि.सं. २००७ सालको संविधानले सम्पदा तथा पुरातात्विक वस्तुको संरक्षणमा राज्यको दायित्वलाई उल्लेख गरेपछि त्यसैको आधारमा वि.सं. २०१३ सालमा प्राचीन स्मारक ऐन आयो । यस अघि नै वि.सं. २००९ सालमा पुरातत्व विभागको स्थापना भइसकेको थियो । त्यसपछि क्रमिक रूपमा सम्पदा तथा पुरातात्विक वस्तुको बारेमा सरकारको ध्यान जान थालेको पाइन्छ । नेपालको संविधान २०७२ को धारा ३२ मा प्रत्येक नागरिकलाई आफ्नो भाषा, धर्म, संस्कृति, सम्पदाको संरक्षणसँगै हक हुने र यसमा उनीहरूको सहभागिताको हक हुने कुरा समेत उल्लेख छ । यो मौलिक हक संरक्षणका लागि समेत सङ्ग्रहालय एक महत्वपूर्ण स्थलका रूपमा रहन सक्दछ ।

संविधान तथा ऐन कानूनमा सम्पदा, संस्कृति र पुरातात्विक वस्तुको संरक्षणले स्थान पाएपछि सङ्ग्रहालयको महत्व राज्यस्तरमा पनि बढ्न गई विगत देखि नै सङ्ग्रहालय निर्माणले प्राथमिकता पाउँन थाल्यो । वि.स. २०१९ मा पाटन धातुकला सङ्ग्रहालय स्थापना भयो, जुन वि.स.२०५४ सालदेखि पाटन सङ्ग्रहालयको नाममा परिचित छ । वि.स. २०१९ सालमै कपिलवस्तु सङ्ग्रहालयको स्थापना भयो, जहाँ मुस्ताङ्, कपिलवस्तु र लुम्बिनी लगायतका पुरातात्विक स्थलहरूमा गरिएको उत्खननबाट प्राप्त सामग्रीहरु संग्रहित एवं प्रदर्शित छन् ।

वि.स.२०२४ सालमा राष्ट्रिय अभिलेखालयको स्थापना भयो । यहाँ सातौं शताब्दीदेखि बीसौं शताब्दीसम्मका विभिन्न भाषा, लिपि र विषयसँग सम्बन्धित ग्रन्थ ताडपत्र, भोजपत्र, नीलपत्र, नेपाली कागज, थ्यासफु आदि अभिलेख सङ्कलन गरी राखिएको छ ।

हाल प्राकृतिक विज्ञान सङ्ग्रहालय (२०३२), हनुमानढोका दरबार सङ्ग्रहालय (२०३२), लोकबाजा सङ्ग्रहालय (२०५४), नारायणहिटी दरबार सङ्ग्रहालय (२०६५), विपी सङ्ग्रहालय (२०७१) लगायत राष्ट्रिय, प्रादेशिक र स्थानीय तहहरूमा समेत सङ्ग्रहालयको स्थापना भएको छ ।

मुलुक सङ्घीयतामा जानुअघि देशभर क्षेत्रीय सङ्ग्रहालयहरु रहेकोमा सङ्घीयतापछि भने प्रदेश र स्थानिय सरकारले समेत सङ्ग्रहालयको स्थापना गरी आफ्नो क्षेत्रका सास्कृतिक सम्पदा सम्बन्धी सामग्रीहरूको संकलन, संरक्षण तथा प्रदर्शन गर्न सकिने व्यवस्था गरिएको छ ।

हाल मुलुकभर एक हजारको हाराहारीमा सङ्ग्रहालय खुलेको अनुमान छ । नेपालमा सङ्ख्यात्मक रूपले सङ्ग्रहालयहरु बृद्धि भए पनि त्यसको अभिलेख राख्ने एकद्वार प्रणाली, अनुगमन गर्ने निकाय र निश्चित मापदण्ड नहुँदा यसमा गरिएको ठुलो लगानीको लेखाजोखा हुन सकेको छैन । गुणस्तर मापन गर्ने स्तरीय विधि नहुँदा सञ्चालन र व्यवस्थापनमा पाटो अलि समस्या देखिएको छ । सङ्ग्रहालयको महत्वका बारेमा आम मानिसहरूलाई व्यापक रूपमा बुझाउँन सकिएको छैन, जसले गर्दा सङ्ग्रहालयबाट लिन सकिने प्रसस्त ज्ञानको संभावना गुमिरहेको छ ।

## सङ्ग्रहालय र दिगो विकास

सन् २०१९ मा जापानको क्योटोमा सम्पन्न आइकमको २५ औं सभाले दिगो विकास लक्ष्य प्राप्तिका लागि सघाउ पुऱ्याउने उद्देश्यले 'दिगोपना र एजेन्डा २०३० को कार्यान्वयन मार्फत विश्व परिवर्तन' (On sustainability and the implementation of Agenda 2030, Transforming our World) अनुमोदन गऱ्यो । यसले सङ्ग्रहालयको दिगोपना बढाउँने तथा समग्र दिगो विकास लक्ष्य प्राप्तिका लागि सङ्ग्रहालयको भूमिकालाई उल्लेख गरेको छ भने विश्वमा सङ्ग्रहालय विकासको अभियानलाई ज्ञान आदान-प्रदान र सम्बन्ध विस्तारको थलोका रूपमा स्थापित गर्दै ठोस कार्य मार्फत दिगो विकास लक्ष्यलाई यसको हिस्सा बनाउने सङ्कल्प पनि गरेको छ । यो दस्तावेजले एसिया क्षेत्रमा सङ्ग्रहालयको विकास र दिगोपनालाई प्राथमिकतामा राखेको छ ।

आर्थिक, सामाजिक, र वातावरणीय पक्षहरु दिगो विकासका मूल खम्बा भएकाले यी त्रिखम्बामा सङ्ग्रहालयलाई पनि जोडेर अघि बढ्ने प्रस्ताव उक्त सभाले पारित गरेको छ । सन् २०१५ मा युनेस्कोको ३८ औं सभाले 'सङ्ग्रहालय र सामाग्रीहरूको संरक्षण, प्रवर्द्धन तथा तिनीहरूको विविधता र समाजमा भूमिका सम्बन्धीको सिफारिस' (Recommendation concerning the Protection and Promotion of Museums and Collections, their Diversity and their Role in Society) पारित गरी सङ्ग्रहालयको विकासका बहुआयामिक पक्षहरु उल्लेख गरेको छ ।

सङ्ग्रहालय साँस्कृतिक आदान-प्रदान, अन्तरसाँस्कृतिक संवाद, सिकाइ, छलफल तथा तालिमको थलो मानिन्छ । विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजमा उल्लेख भए अनुसार सङ्ग्रहालयले विश्वको साँस्कृतिक र प्राकृतिक सम्पदाहरूलाई अवस्था र स्थानअनुसार बचाउँने र सुरक्षा दिने, दिगो विकासलाई सघाउँन सिकाइका अवसर सिर्जना गर्ने, सबैका लागि साँस्कृतिक सहभागितालाई बढावा र दिगो पर्यटनमा योगदान गर्दछ । त्यसैगरी दिगो विकास लक्ष्य प्राप्तिका लागि सघाउ पुऱ्याउँने, अध्ययन अनुसन्धानमा जोड दिने, दिगो विकास लक्ष्य प्राप्तिका लागि नेतृत्व प्रदान गर्ने, सहयोग र साझेदारी गर्ने गर्दछ । सङ्ग्रहालयका यी आयामहरूबाट मानव समाजमा अनौपचारिक तथा जीवन शिक्षा, सामाजिक एकता र दिगो विकासमा महत्वपूर्ण योगदान पुगेको हुन्छ ।





राष्ट्रिय सङ्ग्रहालय छाउनी, काठमाडौमा रहेको करिव ६ फिट अग्लो राजा जय बर्माको सालिकमा प्राचीन लिच्छवि लिपिमा राजा जयबर्मा संवत् १०७ लेखिएको छ । स्पष्ट र पूर्ण रूपमा अध्ययन अनुसन्धान गरी एउटा यकीन नतिजामा पुगिनसकिएको हुदाँ यस सालिक र यसको अन्य विविध पक्षमा जानकारी भने अझै पर्याप्त मात्रामा प्रकाशमा आइसकेको छैन । यसको अध्ययन अनुसन्धान बहुआयामिक र बहुपक्षीय रूपमा हुनु आवश्यक रहेको छ ।

*राष्ट्रिय सङ्ग्रहालय छाउनी, काठमाडौमा रहेको राजा जय बर्माको सालिक ।*

## दिगो विकास, शिक्षा र सङ्ग्रहालय

दिगो विकास लक्ष्यको लक्ष्य नम्बर ४ ले सबैका लागि समावेशी शिक्षा र समतामूलक गुणस्तरिय शिक्षाको सुनिश्चितता तथा जीवनपर्यन्त सिकाइका अवसर प्रवर्द्धन गर्ने, दिगो जीवनशैली तथा दिगो विकासमा साँस्कृतिक योगदानको व्याख्या गर्दै दिगो विकास प्रवर्द्धनका लागि आवश्यक ज्ञान र सिप सुनिश्चित गर्ने लक्ष्य लिएको छ । यही लक्ष्यको ४.७ मा सन् २०३० सम्ममा सबैले दिगो विकासका लागि शिक्षा र दिगो जीवनशैली, मानव अधिकार, लैङ्गिक समानता, शान्ति र अहिंसामा आधारित संस्कृतिको प्रवर्द्धन, तथा सांस्कृतिक विविधता आदि मार्फत दिगो विकासको प्रवर्द्धनका लागि आवश्यक ज्ञान र सिप सुनिश्चित गर्ने कुरा उल्लेख गरिएको छ ।

दिगो विकास लक्ष्य नम्बर ११.४ ले विश्वका साँस्कृतिक र प्राकृतिक सम्पदाहरूको संरक्षण र सुरक्षा प्रयासहरु सुदृढ गर्ने तथा लक्ष्य नम्बर १७.१७ ले विगतका अनुभव र साझेदारीका विभिन्न रणनीतिहरूलाई अझ परिस्कृत गर्दै प्रभावकारी सार्वजनिक, निजी र नागरिक समाजको सहभागितालाई प्रोत्साहन र प्रवर्द्धन गर्ने उल्लेख गरेको छ । यी सबै प्रसंगमा सङ्ग्रहालयको सम्बन्ध निकटतम रूपमा जोडिन्छ । सङ्ग्रहालय शिक्षा विद्यार्थीहरूका लागि झनै लाभदायक छ । नेपाली समाजमा सङ्ग्रहालयको बहुआयामिक सिकाइ र महत्वका बारेमा बुझाउन नसक्दा हामीले यसबाट प्राप्त हुने सिकाइ लाभका अवसरहरु गुमाइरहेका छौं । त्यसैले समाजमा सङ्ग्रहालयको बारेमा व्यापक जनचेतना जरूरी छ । दिगो विकास, शिक्षा र सङ्ग्रहालयलाई एकिकृत रूपमा मिलाएर लैजान सके दिगो विकास लक्ष्य हाँसिलमा सघाउ त पुग्छ नै, मानिसहरूमा सङ्ग्रहालयको महत्व सम्बन्धीको बुझाइ दायरा पनि फराकिलो बनाउंन सहयोग पुग्छ।



*ललितपुर जिल्लामा रहेको ज्यापु सङ्ग्रहालयको प्रदर्शनी कक्ष (ग्यालरी) ।*



## आइकम नेपालको बारेमा

आइकम नेपाल (ICOM Nepal) अन्तर्राष्ट्रिय सङ्ग्रहालय परिषद ( International Council of Museum- ICOM) अन्तर्गत नेपालको राष्ट्रिय समिति हो । आइकम नेपाल आइकमको एसिया प्रशान्त क्षेत्रको सदस्य रहेको छ । विश्व सङ्ग्रहालय परिषद्को मान्यता प्राप्त आइकम नेपाल वि.सं २०७३ भदौदेखि नेपालमा गैरनाफामूलक संस्थाको रूपमा विधिवत दर्ता भइ सङ्ग्रहालय तथा सम्पदाको विकासका लागि अनुसन्धान, पैरवी, छलफल, तालिम सञ्चालन गर्दै आएको छ ।

यसले आइकमको अन्तर्राष्ट्रियस्तरको सदस्यता लिन चाहने पेशाकर्मी वा विषयविज्ञहरूका लागि आवश्यक पहल एवं समन्वयको कार्य पनि गर्दछ । आइकम नेपालमा तोकिएको मापदण्ड र प्रक्रिया पुरा गरेका सरकारी, गैरसरकारी तथा निजी स्वामित्व भएका सङ्ग्रहालय तथा त्यसमा आबद्ध सङ्ग्रहालयकर्मी सदस्य रहने व्यवस्था छ ।

यस संस्थाले सरकार र सरोकारवालाहरूलाई आइकमको परिभाषा अनुसार भौतिक र अभौतिक साँस्कृतिक सम्पदाको अनुसन्धान, संरक्षण र सञ्चारको पाटोलाई बलियो बनाउँन सहयोगी संस्थाका रूपमा सघाउ पुऱ्याउँछ । आइकम नेपाल सङ्ग्रहालय विज्ञहरूको मञ्च पनि भएकाले यसले साँस्कृतिक सम्पदाहरूसँग सम्बन्धित विषयहरूमा जनचेतना, वकालत र क्षमता अभिवृद्धिका लागि समेत काम गर्छ । सरोकारवालाहरूसँगको संवाद, छलफल, ज्ञान उत्पादन, क्षमता अभिवृद्धि गर्दै नीतिगत पैरवीको काम पनि यसले गर्दछ । आइकम नेपालले अन्तर्राष्ट्रिय स्तरमा भएका विभिन्न छलफल, अन्तरक्रिया, तालिम तथा सम्मेलनहरूमा सहभागिता जनाइ नेपालको सङ्ग्रहालय र सम्पदालाई विश्वमा चिनाउने तथा यसको संरक्षणका लागि विश्वको ध्यान आकर्षित गर्ने काम गरिरहेको छ ।

An initiative of

**Ncell Foundation**

समाजको माझ सधैं सँगै

ICOM international council of museums Nepal (नेपाल)

## आइकम नेपाल

क्षेत्रपाटी, काठमाडौं, नेपाल

icomnepal@gmail.com

www.icomnepal.org.np

नेपाल सरकार

पर्यटन, संस्कृति तथा नागरिक उड्डयन मन्त्रालय

## नारायणहिटी दरबार सङ्ग्रहालय

दरबार मार्ग, काठमाडौं, नेपाल

फोन : ४२२७८४४

info.narayanhiti@gmail.com

www.narayanhitipalacemuseum.com